गाउँ सभाबाट स्वीकृत मिति : २०७६/१० /१२

कैलारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हसुलिया, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

# कैलारी खेलकुद सञ्चालन कार्यविधि २०७६

**प्रस्तावना :**

खेलकुदका माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखी युवाहरुलाई धुम्रपान, मद्यपान, लागू पदार्थ सेवनको कुलतबाट जोगइ सु-सँस्कृत र सभ्य समाजको निर्माण गर्न, सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरीक बनाउन तथा राष्ट्रिय, अन्तराष्ट्रिय क्षेत्रमा ख्याती आर्जन गर्ने उद्देश्यलाई मुर्त रुप दिन बाञ्छिनीय भएकोले आवश्यक भएकोले कैलारी गाउँपालिकाले कैलारी बिशेष अनुदानबाट कार्यक्रम सञ्चालन गर्न बान्छिनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ तथा स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन, २०७५ को दफा ३ को २ बमोजिम यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद-१ : प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "कैलारी खेलकुद सञ्चालन कार्यविधि २०७६" रहनेछ ।

(२) यो कार्यविधि गाउँ सभाको बैठकले पारित/स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) कार्यविधि भन्नाले कैलारी खेलकुद सञ्चालन कार्यविधि २०७६ लाई सम्झनु पर्नेछ ।

ख) गाउँपालिका भन्नाले कैलारी गाउँपाकिलाको गाउँ सभा सम्झनु पर्नेछ ।

ग) गाउँ सभा भन्नाले कैलारी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्नेछ ।

घ) अध्यक्ष भन्नाले कैलारी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्नेछ ।

ङ) उपाध्यक्ष भन्नाले कैलाली गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्नेछ ।

च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले कैलाली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ ।

छ) युव तथा खेलकुद विकास समिति भन्नाले कैलारी गाउँपालिकाको कैलारी गाउँपालिकाबाट गठित युवा तथा खेलकुद विकास समितिलाई सम्झनु पर्नेछ ।

ज) खेलकुद समिति भन्नाले कैलारी गाउँपालिकाबाट पालिका स्तरीय खेलकुद समितिलाई सम्झनु पर्नेछ ।

झ) टिम, क्लब, संघ, संस्थाा भन्नाले कैलारी गाउँपालिकामा तोकिए बमोजिम सुचिकृत भएका कैलारी गाउँपालिका भित्रका टिम, क्लब, संघ, संस्थालाई सम्झनु पर्नेछ ।

ञ) खेलाडी भन्नाले टिम, क्लब, संघ, संस्थामा सम्बद्ध खेलाडी सम्झनु पर्नेछ ।

ट) प्रशिक्षार्थी भन्नाले कैलारी गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लब, संघ, संस्थामा सम्बद्ध खेलाडीलाई सम्झनु पर्नेछ ।

ठ) प्रशिक्षक भन्नाले कैलारी गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लब, संघ, संस्था खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद प्रशिक्षकलाई सम्झनु पर्नेछ ।

ड) प्रशिक्षण समिति भन्नाले कैलारी खेलकुद समिति अन्तर्गत कैलारी गाउँपालिका भित्र विषयगत खेल प्रशिक्षणका लागि गठित समितिलाई सम्झनु पर्नेछ ।

ढ) खेलकुद विकास कोष भन्नाले कैलारी गाउँपालिकाको खेलकुद विकासका लागि विनियोजित कोषलाई सम्झनु पर्नेछ ।

ण) खेलाडी विवरण भन्नाले टिम, क्लब, संघ, संस्थाले आफ्नो टिम, क्लब, संघ, संस्थामा आवद्ध भनि प्रमाणित गरी पेश गरेको विवरणलाई सम्झनु पर्नेछ ।

त) खेलकुद पदाधिकारी भन्नाले खेलकुद सम्बद्ध समिति, उपसमितिका पदाधिकारीलाई सम्झनु पर्नेछ ।

## परिच्छेद-२ : उद्देश्य

**३. कैलारी गाउँपालिका खेलकुद समितिका उद्देश्यहरु देहाय बमोजिमका हुनेछ :-**

क) गाउँपालिकाको कला, संस्कृति र खेलकुदको विकास प्रतिष्ठा बृद्धिमा खेलकुदका माध्यमले सहयोग पुऱ्याउने,

ख) गाउँपालिका भित्रका खेलकुद प्रतियोगिता सञ्चालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका बिच समन्वय गरी खेल विकासमा सहयोग गर्ने,

ग) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमि, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने,

घ) टोल, गल्ली, चोक, सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघ संस्थालाई परिचालन गर्ने,

ङ) खेलकुदका माध्यमबाट कैलारी बासीलाई नागरिक भावनाप्रति सेचत गराउने,

च) खेलकुदमा महिला सहभागिता अभिबृद्धि गर्न प्रोत्साहन गर्ने,

छ) खेलकुदको विकासका लागि पूर्वाधार तयार गर्न विभिन्न सामाजिक संघ संस्था, विद्यालय, सरकारी निकाय तथा नागरिक समाजलाई सरिक गराउने,

ज) खेलकुदका गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने,

झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजिवीहरुलाई समेत शारीरिक व्यायम तथा खेलकुदको व्यवस्थापनमा परिचालन गर्ने,

ञ) कैलारी गाउँपालिका भित्रबाट राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने,

ट) टिम, क्लब, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडा स्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने,

ठ) गाउँपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्थापनका लागि प्रोत्साहन गर्ने,

ड) गाउँपालिका स्तरीय खेलकुद समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने,

## पच्छिेद-३ : गाउँपालिका स्तरीय खेलकुद समितिको गठन र बैठक

**४. गाउँपालिकाले देहाय बमोजिमका पदाधिकारी रहने गरी एक गाउँपालिका स्तरीय खेलकुद समितिको गठन गर्न सक्नेछ :-**

क) कैलारी गाउँपालिकाका सामाजिक विकास समितिका संयोजक- संयोजक

ख) युवा तथा खेलकुद विकास समितिका सदस्यहरु- सदस्य

ग) गाउँपालिकाले प्रत्येक वडाबाट मनोनयन गरेका युवाहरु- सदस्य

घ) गा.पा.को शिक्षा शाखा प्रमुख- सदस्य सचिव

५. गाउँपालिका स्तरीय खेलकुद समितिको पदावधि २ वर्षको हुनेछ ।

६. गाउँपालिका स्तरीय खेलकुद विकास समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

७. समितिका संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

क) गाउँपालिका स्तरीय खेलकुद विकास समितिको अध्यक्षता गर्ने तथा निर्णय कार्यान्वयन गराउने ।

ख) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी आयोजना सञ्चालन तथा व्यवस्थापन गने, गराउने ।

ग) राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा गाउँपालिकाको प्रतिनिधित्व गर्ने ।

घ) गाउँपालिका स्तरीय खेलकुद समितिको बैठक बस्न नसकेको अवस्थामा गाउँपालिकामा गर्नुपर्ने सिफारिसहरु गर्ने ।

ङ) समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

**८. सदस्य सचिवको काम, कर्तव्य र अधिकार**

क) बैठकको पत्रचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र संयोजकको आदेशानुसार बैठकका लागि आवश्यक विषय सूचि र सामाग्री जुटाउने ।

ख) बैठकको माईन्युट उठाउने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने ।

## परिच्छेद-४ खेलकुद प्रतियोगिता व्यवस्थापन

९. गाउँपालिका स्तरीय खेलकुद समितिले आफै वा गाउँपालिकामा सुचिकृत भएका टिम, क्लब मार्फत विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न वा गराउन सक्नेछ ।

१०. गाउँपालिका स्तरीय खेलकुद समितिले आफै वा गाउँपालिकामा सुचिकृत भएका टिम, क्लब मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय टिमसँग मैत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्न वा गराउन सक्नेछ ।

११. सल्लाहकार समितिको गठन : गाउँपालिका स्तरीय खेलकुद समितिले आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

## परिच्छेद-५ गाउँपालिका भित्रका टिम, क्लब संस्थाहरुको दर्ता र व्यवस्थापन

१२. कैलारी गाउँपालिका भित्रका टिम, क्लब, समिति र संस्था आदिले गाउँपालिका स्तरीय खेलकुद समितिको उद्देश्य नीति नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा वडाको सिफारिस सहित रु.५००। का साथ प्रत्येक वर्ष समितिमा सुचिकृत हुनु पर्नेछ ।

१३. सुचिकृत टिम, क्लब, संस्थाले  जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडि गाउँपालिका स्तरीय खेलकुद समितिबाट स्वीकृति लिनु पर्नेछ ।

१४. खेलकुद सञ्चालनको स्वीकृति प्रदान गर्नु अगाडि गाउँपालिका स्तरीय खेलकुद समिति वा समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउँको निरीक्षण गर्नु पर्नेछ ।

१५. गाउँपालिका स्तरीय खेलकुद समितिमा सुचिकृत भएका टिम, क्लब वा संस्थाले गाउँपालिका स्तरीय खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई गाउँपालिका स्तरीय खेलकुद समितिको सिफारिसमा गाउँपालिकाबाट नियमानुसार आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

क) वडा स्तरीय प्रतियोगिताका लागि (वर्षमा १ पटक) बढीमा रु.१०,०००। देखि रु.२०,०००। सम्म ।

ख) पालिका स्तरीय प्रतियोगिताका लागि (वर्षमा १ पटक) बढीमा रु.२५,०००। देखि रु.१००,०००। सम्म

ग) जिल्ला स्तरीय प्रतियोगिताका लागि (वर्षमा १ पटक) बढीमा रु.५०,०००। देखि रु.१५०,०००। सम्म

घ) प्रादेशिक तथा राष्ट्रिय स्तरीय प्रतियोगिताका लागि (वर्षमा १ पटक) बढीमा रु.७५,०००। देखि रु.२००,०००। सम्म

१६. गाउँपालिका स्तरीय खेलकुद समिति अन्तर्गत प्रत्येक वडामा खेलकुद समिति गठन गर्न सकिनेछ ।

१७. गाउँपालिका स्तरीय खेलकुद समितिले टिम सुचिकृत फारम, नवीकरण फारम, प्रशिक्षक/प्रशिक्षार्थी फारम, परिचय पत्र आदिको ढाँचा निर्धारण गरी लागु गर्नेछ ।

## परिच्छेद-६ : गोष्ठि, सभा कार्यक्रम व्यवस्थापन

१८. गाउँपालिका स्तरीय खेलकुद समितिले राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक, टिमलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

१९. खेलकुद विकासका लागि सभा, गोष्ठि, सम्मेलन गर्न वा गराउन सक्नेछ ।

२०. राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सकिनेछ ।

२१. कैलारी गाउँपालिकाको कला, संस्कृति र खेलकुद विकासका लागि आवश्यकता अनुसार टिम, क्लब, संघ संस्थाका प्रतिनिधिहरुको न्याली वा बैठक बोलाउन सक्नेछ ।

## परिच्छेद-७ : खेलकुद प्रतियोगिता ब्यास्थापन

२२. अन्तरपालिका लगायत विभिन्न प्रादेशिक राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आवद्ध टिम, क्लब, संघ संस्था वा विद्यालयलाई सहभागी गराइनेछ ।

२३. गाउँपालिकाले निर्णय गरे बमोजिम सहभागी हुन जाने खेलाडी प्रशिक्षक र ब्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ :-

**क) जिल्ला भित्र भाग लिन जाने हकमा :-**

(१) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न पारवहनका लागि हुने खर्च उपलब्ध गराइनेछ ।

(२) प्रतियोगिता खेल अवधिभर बढीमा २ हप्ताका लागि खेलाडी, प्रशिक्षक र ब्यवस्थापकलाई प्रतिदिन रु.५००। का दरले प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

(३) खेलकुद पोशाकका हकमा प्रति खेलाडी, प्रशिक्षक र ब्यवस्थापकलाई बढीमा वार्षिक रु.३०००। सम्मको सुविधा उपलब्ध गराइनेछ ।

**ख) जिल्ला बाहिर भाग लिन जानेको हकमा :-**

(१) प्रतियोगितामा भाग लिन जाँदा खाना, बस्न र पारवहनका लागि हुने खर्च उपलब्ध गराइनेछ ।

(२) प्रतियोगितामा खेल अवधिभर बढीमा २ हप्ताका लागि खेलाडी, प्रशिक्षक र ब्यवस्थापकलाई प्रतिदिन प्रतिदिन रु.७००। का दरले प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

(३) खेलकुद पोशाकका हकमा प्रति खेलाडी, प्रशिक्षक र ब्यवस्थापकलाई बढीमा वार्षिक रु.३०००। सम्मको सुविधा उपलब्ध गराउन सकिनेछ ।

(४) प्रतियोगितामा जान आउन सम्भव भएसम्म स्थलमार्ग र सार्वजनिक यातायातको प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद-८ तालिम तथा प्रशिक्षण व्यवस्थापन

२४. गाउँपालिका स्तरीय खेलकुद समितिले खेलकुदको विकास र खेलाडीको स्तरबृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुमा तालिम तथा प्रशिक्षण दिनेछ ।

२५. प्रशिक्षार्थीहरुलाई प्रशिक्षणमा समावेश हुन गाउँपालिका स्तरीय खेलकुद समितिका प्रतिनिधि र वडा अध्यक्षको सिफारिस सहित निर्धारित फारममा निवेदन दिनु पर्नेछ ।

२६. प्रशिक्षार्थीहरुले मासिक शुल्क २५० बुझाई खेलाडी परिचय पत्र लिनु पर्नेछ भने भर्ना शुल्क रु.३०० लाग्नेछ ।

२७. प्रशिक्षणमा सहभागी टिम, क्लब, विद्यालयहरु भएको हकमा ६ देखि १२ जना सम्मको प्रशिक्षार्थी संख्या हुनुपर्ने र संस्थागत दर्ता शुल्क रु.७००। लाग्नेछ ।

२८. कुनै खेल प्रशिक्षणका लागि सम्झौता अनुसार सुबिधा पाउने गरी बढीमा १ जना प्रशिक्षक, १ जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्त गर्न सकिनेछ । यसरी नियुक्त भएका प्रशिक्षक तथा सहायक प्रशिक्षकलाई गाउँपालिका स्तरीय खेलकुद समितिको सिफारिसमा गाउँ कार्यपालिकाले तोके बमोजिमको सेवा सुविधा उपलब्ध गराइनेछ ।

२९. कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ वर्षका लागि हुनेछ । अवधि आवश्यकता अनुसार थपघट गर्दै लैजान सकिनेछ ।

३०. प्रशिक्षार्थी खेलाडीका लागि  सामानको हकमा व्यक्तिगत प्रयोगमा सामान आफैले व्यवस्था गर्नु पर्नेछ ।

३१. प्रशिक्षकले आवश्यक सामानको सूचि तयार गरी गाउँपालिकामा माग गर्ने खेलाडीबाट मासिक शुल्क उठाउन, प्रशिक्षण सामाग्रीको अभिलेख राखी हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासनमा राख्ने र प्याकेज प्रोग्राम (प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी समिति तथा गाउँपालिकामा पेश गर्ने जिम्मेवारी प्रशिक्षकको हुनेछ ।

३२. प्रशिक्षकले हप्तामा ६ दिन हाजिरी हुनपने र कम्तिमा दिनको २ घण्टा खेलाडीलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ ।

३३. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः सञ्चालन गर्न आवश्यक ब्यवस्था भएको सूचना मिलेमा गाउँपालिका स्तरीय खेलकुद समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिइनेछ ।

३४. कुनै खेल प्रशिक्षणमा विशेष ब्यवस्था वा थप प्रशिक्षण वा सुविधा आवश्यक भएमा गाउँपालिकालाई अनुरोध गरी स्वीकृत भए अनुसार गरिनेछ ।

## परिच्छेद-९ खेलकुद विकास कोषको व्यवस्था

३५. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापहरुका लागि कैलारी गाउँपालिकामा गाउँपालिका खेलकुद विकास कोषको स्थापना गरिनेछ ।

३६. कोषका श्रोतहरु देहाय बमोजिम हुनेछन् :-

क) गाउँपालिकाले खेलकुद विकासका लागि विनियोजन गरेको बजेट

ख) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तर्राष्ट्रिय संघ संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुने रकम

ग) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम

घ) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक शुल्क, प्रशिक्षण शुल्क, टिकट शुल्क र भर्ना शुल्कको रकम

ङ) गाउँपालिका भित्र टिम, क्लब दर्ता तथा नवीकरण शुल्क, फारम शुल्क आदि ।

३७. कोष सञ्चालन गाउँपालिका स्तरीय खेलकुद समितिको निर्णय अनुसार हुनेछ ।

३८. गाउँपालिका स्तरीय खेलकुद समितिका संयोजकले बढीमा १०,०००। सम्मको रकम कोषबाट खर्च गर्न सक्नेछ । यसरी गरिएको खर्च समितिको बैठकबाट अनुमोदन गरी नियमानसरा फछ्र्यौट गर्नु पर्नेछ ।

३९. प्रशिक्षार्थीहरुलाई प्रशिक्षणमा समावेश हुन गाउँपालिका स्तरीय खेलकुद समितिका प्रतिनिधि र वडा अध्यक्षको सिफारिस सहित निर्धारित फारममा निवेदन दिनु पर्नेछ ।

## परिच्छेद-१० : खेलकुद पूर्वाधार निर्माण तथा मर्मत

४०. कुनै खेलकुद प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।

४१. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहा लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार गाउँपालिका स्तरीय खेलकुद समितिले कोषबाट मर्मत गर्नेछ । तर रकम अपुग भई कोषबाट खर्च गर्न नसकिने भएमा समितिले गाउँपालिकामा सिफारिस सहित मर्मतका लागि पठाउनु पर्नेछ ।

४२. खेलकुद पूर्वाधार (स्टेडियम, खेलकुद भवन, मैदान ट्र्याक आदि) को व्यवस्था गर्न गाउँपालिका स्तरीय खेलकुद समितिको निर्णयानुसार माग भई आएका गाउँपालिकाले यस्ता पूर्वाधारको निर्माण अधिकतम सहभागिताका आधारमा गर्नेछ ।

## परिच्छेद-११ : विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था

४३. युवा तथा खेलकुद विकास समिति अन्तर्गत गाउँपालिका स्तरीय खेलकुद समितिको मातहतममा रहेने गरी प्रशिक्षण सैद्धान्तिक कक्षा सञ्चालन र दक्ष अनुशासित खेलाडी तयार गर्ने कार्यमा

सम्बन्धित खेल प्रशिक्षकलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्न आवश्यकता अनुसार विषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ । विषयगत खेल प्रशिक्षण समिति सम्बन्धि अन्य व्यवस्थाहरु देहाय बमोजिम हुनेछन् :-

क) गाउँपालिका स्तरीय खेलकुद समितिले तोकेको अध्यक्षतामा सम्बन्धित खेल प्रशिक्षक रहने गरी ३ देखि ५ सदस्य रहने गरी विषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ ।

ख) यस समितिले विषयगत खेल प्रशिक्षण, सञ्चालन, रेखदेख, निरीक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ ।

ग) यस समितिले सम्बन्धित खेलकुद प्रति जनमानसको आकर्षण बढाउने कार्य गर्नेछ ।

घ) प्रशिक्षणको लागि आवश्यक सामाग्री जुटाउन मद्दत गर्नेछ ।

ङ) प्रशिक्षण केन्द्रबाट संचालन हुने ग्रडेगी, प्रतियोगिता, गोष्ठि र कक्षा सञ्चालनमा सहयोग गर्नेछ ।

च) प्रशिक्षण केन्द्रमा धार्मिक, साम्प्रदायीक एवं अन्य खराब दुर्व्यसन आदिबाट प्रशिक्षण कार्यको वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने ।

छ) गाउँपालिका स्तरीय खेलकुद समितिको नीति, नियम र निर्देशनलाई पालना गर्ने र गराउने ।

ज) प्रशिक्षार्थीलाई अन्य संस्थाबाट खेल्ने अनुमति र प्रशिक्षकलाई अन्य संस्थामा कार्य वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्यलाई अघि बढाउने ।

झ) यस समितिको बैठक संयोजकले तोकेको मिति, स्थान र समयमा आवश्यकता अनुसार बस्नेछ ।

ञ) गाउँपालिका स्तरीय खेलकुद समितिको निर्देशन अनुसार सम्बन्धित खेलको वार्षिक कार्य तालिका बनाउनु पर्ने ।

ट) अनुशासनको कार्वाही गर्ने क्रममा गल्ती हेरी स्पष्टिकरण, चेतावनी वा निलम्बन गर्ने । तोकेको अवधिमा पनि आचरण सुधार नभएमा निष्काशन गर्ने ।

ठ) अनुशासनको कार्वाही गर्ने क्रममा सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मौका दिइनेछ तर प्रशिक्षण समितिको प्रतिवेदन माथि गाउँपालिका स्तरीय खेलकुद समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

ड) गाउँपालिका स्तरीय खेलकुद समितिको निर्णयानुसार आवश्यक थपघट वा संशोधन सुधार गर्न सकिनेछ ।

## परिच्छेद-१२ : अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

**४४. अनुशासनको कारवाही :** खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले बिषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचारसंहिता

उल्लङ्घन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ तर १ वर्षमा ३ पटकभन्दा बढी चेतावनी पाइसकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, ब्यवस्थापकलाई १ वर्षसम्म कुनै पनि खेलकुद प्रतियोगिता/प्रशिक्षण/ब्यवस्थापनमा सहभागित हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारिसमा गाउँपालिका स्तरीय खेलकुद समितिले निलम्बन गर्न सक्नेछ ।

४५. वर्षभरीका उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, ब्यवस्थापकलाई गाउँपालिका स्तरीय खेलकुद समितिको सिफारिसमा गाउँपालिकाबाट नगद पुरस्कार तथा सम्मान गरिनेछ ।

समाप्त